अंक २१० अप्रिल २०२३

institute of development studies

# Policy Briefing

# कला मार्फत दिगो सरसफाइका लागि स्रोतको उपयोग

दक्षिणी गोलार्धमा रहेका अल्प-विकसित तथा न्युन आय भएका धेरै देशहरुले खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरे पनि उनीहरुले अझै सरसफाई, फोहोर पानी र दिसाजन्य लेदो व्यवस्थापनका चुनौतीहरुका सम्बोधन गर्न उल्लेख्य मात्रामा काम गर्नु पर्नेछ। जलवायुले सिर्जना गरेको अनिश्चितता, पानीको अभाव र कमजोर पूर्वाधारले गर्दा फ्लस गरेर बिर्सने (flush and forget) प्रणाली सदैव सम्भव र वाञ्छनीय हुँदैन।

यस सारपत्रमा कलाको माध्यमबाट कसरी मानिसहरुलाई आगामी दिनमा गर्नुपर्ने बैकल्पिक सरसफाइका उपायहरु बारेमा पुनर्कल्पना गर्न मद्दत गर्दछ भन्ने कुरा बर्णन गरिएको छ। नेपालमा गरिएको अनुसन्धानका आधारमा यस सारपत्रले नृत्य कार्यशाला, खेतवारीमा मानवमल प्रयोग (Humanure Planting) गीत प्रतियोगिता र सूचनामूलक रेडियो सन्देशजस्ता क्रियाकलापले कसरी सरसफाइका चुनौती र दिसाजन्य लेदोको सुरक्षित पुन:प्रयोग गरी खेरोलाई सुनमा बदल्न सकिन्छ भन्नेबारे जानकारी प्रदान गर्छ।

## प्रमुख सन्देशहरू

- सन् २०३० सम्ममा सबैका लागि सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छतामा पहुँच (दिगो विकास लक्ष्य ६.२) हासिल गर्नका लागि दक्षिणी गोलार्धमा रहेका अल्प-विकसित तथा न्युन आय भएका राष्ट्रहरुको धेरै क्षेत्रमा फोहोरपानीको पुन:प्रयोग र दिसाजन्य लेदो व्यवस्थापनजस्ता दोस्रो चरणको सरसफाइ सवालहरूलाई तत्काले सम्बोधन गर्नुपर्नेछ।
- प्रविधिले मात्रै सरसफाइका सवालहरूको सम्बोधन गर्न सक्दैन। प्रविधिसँगै सरकार र समुदायहरूले पनि आफ्नो सरसफाइसम्बन्धी भावी उपायहरूबारे परिकल्पना गर्नु, बुझ्नु र लगानी गर्नु अनिवार्य हुन्छ।
- कलात्मक गतिविधी माध्यम सरसफाइका आगामी योजनामा सकारात्मक पहलको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसलाई, दिसाजन्य लेदो स्रोतको रुपमा सुरक्षित उपयोगको प्रवर्द्धन गर्न, सरोकारवालासँग सहकार्य गर्न, उनीहरूका कुरा सुन्न र उनीहरूलाई यसप्रति प्रेरित गर्न अनुसन्धानात्मक साधनको रुपमा प्रयोग प्रयोग गर्न सकिन्छ।
- सरसफाइमा कला कार्यक्रम सँगसँगै स्थानीय र संघीय सरकारबाट पूर्वाधार सुदृढिकरणका लागि लगानीको प्रतिबद्धता गर्नु जरुरी छ। सामाजिक र भौतिक पूर्वाधारमा सुदृढिकरण नगरि कला कार्यक्रमले मात्र पार्ने प्रभाव सीमित हुनेछ।

> “समावेशी कला गतिविधीले (गीत, नृत्य, खतबारीमा मानव मलको प्रवर्द्धन (Humanure Celebration)) दिगो सरसफाइको सामूहिक मूल्य र बुझाइको आवश्यकता महशुष गराउन सहयोग गर्न सक्छ।

Hannah Macpherson

## दिसाजन्य लेदोलाई स्रोतको रुपमा सुरक्षित उपयोगको साथै दिगो सरसफाइ प्रणालीको प्रवर्धन गर्न र बुझ्नको लागि कला गतिविधी मार्फत के गर्न सकिन्छ ?

संयुक्त राष्ट्रसङ्घद्धारा जारी दिगो विकास लक्ष्यका पक्ष राष्ट्रहरूले सन् २०३० सम्ममा सबैका लागि अधिकांश सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता (दिगो विकास लक्ष्य ६.२) हासिल गर्नुपर्नेछ। तर विश्वभर सुरक्षित खानेपानी र चर्पीहरूको पहुँचमा वृद्धि भए पनि यस लक्ष्यसम्म पुग्नका लागि अझै पनि धेरै चुनौती बाँकी छन् । विशेषगरी जस्तै फोहोरपानीको पुन:प्रयोग र दिसाजन्य लेदोको व्यवस्थापन जस्ता "दोस्रो चरणको सरसफाइ सवालहरूलाई" दक्षिणी गोलार्धमा रहेका राष्ट्रका क्षेत्रहरुमा तत्काले सम्बोधन गर्नुपर्ने देखिन्छ। प्रविधिले मात्रै सरसफाइका सवालहरूको सम्बोधन गर्न सक्दैन। प्रविधिसँगै सरकार र समुदायहरूले पनि आफ्नो सरसफाइको भावी अवस्थाबारे परिकल्पना गर्नु, बुझ्नु र लगानी गर्नु अनिवार्य हुन्छ।

दिसाजन्य लेदोमा पानी, पोषक तत्व र अर्गानिक वस्तुहरूको सम्मिश्रण प्रचुर मात्रामा हुन्छ, तर प्राज्ञिक क्षेत्रले "ब्राउन गोल्ड" (खैरो सुन) भनेर नाम राखेको यी वस्तु प्राय: दिसाजन्य लेदोमै समाहित भई लुकेर रहेको हुन्छ। दिसाजन्य लेदोलाई खेतबारीमा मलको रूपमा (humanure) वा खाना पकाउनका लागि बायोग्यास (Bio-gas) को रूपमा प्रयोग गर्न सकिने सम्भावनाको पहिचान गरी उपयोग गर्नु महत्वपूर्ण छ। यसका लागि सरसफाइ शृङ्खलामा पर्ने सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, वातावरणीय र प्राविधिक चुनौती र प्रक्रियाहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ। खैरो सुनतर्फ उन्मुख (Towards Brown Gold) नामक अनुसन्धान परियोजनाले सहरी ढलसँग नजोडिएका (off-grid sanitation) मा रहेका समुदायहरूलाई दिसाजन्य लेदोको सुरक्षित प्रशोधन तथा पुन:प्रयोगतर्फ प्रवर्धन गर्न चाहिने आवश्यक कुरामा ध्यान केन्द्रित गरेको छ। यस बृहत् अन्तर्राष्ट्रियस्तरको अन्तरविधागत अनुसन्धान परियोजनाको एउटा पक्ष, कलाको माध्यमबाट यी चुनौतीहरूको सम्बोधन गरी दिगो सरसफाइ प्रणालीमा स्रोतको पुन:प्राप्ती प्रवर्द्धन गर्न खेल्न सकिने भूमिकाको खोजी गर्नु थियो।

खैरो सुनतर्फ उन्मुख अनुसन्धान टोलीले एउटा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठीको आयोजना गरी, कला मार्फत विकास सम्बन्धी उपलब्ध दस्तावेज समीक्षा गरेर नेपालमा समावेशी कला कार्यक्रमहरूको सूची कार्यान्वयन गरिरहेको छ। सरसफाइ क्षेत्रमा पहिले प्रयोग हुने कला कार्यक्रमहरू स्वच्छताको प्रवर्द्धन, हात धुने अभ्यास र चर्पीको प्रयोगजस्ता आधारभूत कुराहरूको प्रवर्द्धनमा केन्द्रित थिए। तर, यी गतिविधिहरूमार्फत (तल अझ विस्तृतमा प्रस्तुत गरिएको छ) हामीले के पत्ता लगायौं भने (राज्यको सही कार्यक्रम र महत्वपूर्ण सरसफाइ पूर्वाधारहरूको निर्माणसँगै) गीत, नाटक र सूचनामूलक रेडियो सन्देशहरूजस्ता कला माध्यमको प्रयोगले अनुसन्धान र भविष्यमा सकारात्मक सरसफाइ प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्न सक्नेछ। विशेषगरी हामीहरुले खैरो सुन (Brown Gold) तर्फ अघि बढ्न र सकारात्मक, सुरक्षित र दिगो सरसफाइका भावी योजनाहरु निर्माण गर्न सहयोग गर्ने भनी पहिचान गरिएका कला कार्यक्रमहरू यस प्रकार छन् :

- नृत्य, समूह गीत रचना र फोटो अभिव्यक्ति (photovoice) परियोजनाहरूले सरसफाइ श्रृङ्खलामा रहने सीमान्तकृत समूहहरू (जस्तै सफाइकर्मी, महिला, अपाङ्गता भएका व्यक्ति र बालिबालिका) सँग संवादको ढोका खोल्न र उनीहरूको आवाज एवम् दृश्यात्मकता (भिजिबिलिटी) बढाउन सक्नेछ। यी कुराहरूलाई अनुसन्धानको साधनको रूपमा प्रयोग गरी मानिस, समुदाय, निर्णयकर्ता र सेवा प्रदायहरूसँग सहकार्य गर्ने, उनीहरूको आवाज सुन्ने र उनीहरूलाई प्रेरित गर्ने लगायतका कार्य गर्न सकिन्छ।
- स्थानीय रूपमा उपयुक्त हुने गीतहरू (रेडियोबाट बजाइने सूचनामूलक सन्देशहरूसमेत) न्यून खर्चमा ठूलो श्रोतासम्म पुग्न सक्छ। यस्ता कार्यक्रमले समुदायमा ज्ञान बाँड्छ, अनुभवहरू उजागर गर्दछ र दिसाजन्य लेदोको पुन:प्रयोगमा चासो निर्माण गरी स्रोतको पुन:प्राप्ति सम्बन्धी समाधानहरूको स्वीकार्यतामा वृद्धि गर्दछ।
- भूमिका अभिनय खेल, नाटक र कठपुतली प्रदर्शन जस्ता गतिविधिले नयाँ ज्ञानको सिर्जना गर्न, स्थानीय समुदायको धारा र चर्पीमा केन्द्रित छलफललाई परिष्कृत गरी सम्पूर्ण सरसफाइ शृङ्खला र प्रणालीमा केन्द्रित गराई सुरक्षित रूपमा व्यवस्थापन गरिएका सरसफाइका उपायहरूलाई समाजमा अभ्यास गराउन र सरसफाइ सम्बन्धी भावी दृश्यबारे सुजनात्मक तवरले परिकल्पना गर्नसक्ने बनाउँछ।
- मानव मलको खेतबारीमा सिर्जनशील प्रयोग (creative humanure planting) र फोहोरपानीको पुन:चक्रण प्रणाली झल्काउने भित्ते चित्रले फोहोरपानीको पुन:प्रयोग र खैरो सुनको रुपमा परिणत हुने दिसाजन्य लेदोको महत्व प्रदर्शन गर्न सहयोग गर्दछ।
- गीत, अभियान र चित्रकलाले मानिसको व्यवहारजन्य र संवेगात्मक प्रतिक्रियाहरूमा संलग्न रहने मस्तिष्कको भाग (Limbic System) लाई शान्त बनाउन मद्दत गर्न सक्छ। यो विशेषगरी विपद् वा आपतकालीन परिदृश्यहरूमा महत्वपूर्ण छ, किनभने त्यस्तो समयमा मानिसहरूले आवेगपूर्ण तरिकाले कार्य गर्ने सम्भावना बढी हुन्छ जुन सोचविचार नगरी स्वतस्फूर्त गरिएको वा विनाशकारी हुन्छ। दैनिक सकारात्मक समाजमुखी व्यवहार जस्तै चेतनामूलक विचारशील सरसफाइ र दिसाजन्य लेदोको व्यवस्थापनका लागि शान्त मन मष्तिस्क आवश्यक हुन्छ।

## नेपालमा दिगो सरसफाइका लागि कला

यस परियोजनामा हामीले समुदाय र गाउँ/नगर पालिकाहरूसँग मिलेर समावेशी कला कार्यक्रमहरूको सूची विकास गऱ्यौं । स्थानीय दिगो सामग्रीहरूको प्रयोग गरी लुम्बिनी शान्ति बाटिकामा दुईवटा सुन्दर माटोका घरहरू निर्माण गरियो (ब्रिटिश काउन्सिल नेपालबाट स्थानीय शिल्पकलामा सहयोग गर्न छुट्टै आर्थिक सहयोग) । प्रत्येक वर्ष नेपाल र बाहिरबाट लाखौं पर्यटकहरू आउने भएकोले लुम्बिनी शान्ति बाटिकालाई माटोका घरहरू निर्माण गर्ने स्थलको रूपमा छनौट गरियो । परम्परागत राहत सहयोगी प्रविधि प्रयोग गरेर यी घरहरूमा सरसफाइबारे सकारात्मक छवि झल्काउने (सफाइको मूल्य श्रृङ्खला र चर्पीका खाडलहरू चुहावटरहित किन चाहिन्छ भन्ने सन्देश सहितका) चित्रहरूले सजाइएका छन् । हामीले समुदाय, गाउँ/नगरपालिका र विद्यालय समूहहरूसँग सहकार्य गरी कला कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न स्थानीय संस्था एकीकृत विकास समाज नेपाल (IDS-Nepal) सँग मिलेर एक जना स्थानीय संयोजक र स्थानीय सहजकर्ता नियुक्त गरेका छौं ।

एक वर्षको अवधिमा यस माटोका घरबाट सञ्चालन गरिएका कार्यक्रमहरूमा विद्यालय समूहहरूसँग मिलेर मानव मलको खेतबारीमा प्रयोग (ह्युम्यानुअर प्लान्टिङ), सरसफाइको मूल्य शृङ्खलासम्बन्धी चित्र प्रतियोगिता र सुरक्षित सरसफाइ तथा स्रोतको पुन:प्रयोग बारेमा एउटा गायन प्रतियोगिता आयोजना गरिएको थियो ।। हामीले यस माटोको घरहरूभित्र खैरो सुनतर्फ उन्मुख (Towards Brown Gold) परियोजनाका वैज्ञानिक अनुसन्धानकर्ताहरूसँग मिलेर नेपालको गुलरियामा सरसफाइ तथा पानीको गुणस्तरसम्बन्धी यस परियोजनाले गरेको अनुसन्धान र प्रशोधन नगरिएको ढल तथा मनसुनमा बाढीले बगाउन सक्ने दिसाजन्य वस्तुले सिर्जना गर्ने तत्कालका जोखिमहरूको चित्रण गरी ब्यानरहरू तयार गरी प्रदर्शनीका लागि राखिएको छ ।

> *हामीले चुवाहटरहित खाडल नभएको चर्पी प्रयोग गरिरहेका छौं र हामीले ब्राउन गोल्ड-माटोको घरमा अवलोकन गरेर आएपछि पानी दूषित हुँदाको जोखिम के के हुन सक्छ भनेर परिकल्पना गर्न सक्छौं ।* (मुस्लिम महिला समुदाय समूहकी प्रतिनिधि)

४. अन्य महत्वपूर्ण गतिविधिहरू :

दिसाजन्य लेदोको सुरक्षित व्यवस्थापन र लेदोको सम्भावित पुन:प्रयोग प्रवर्द्धन गर्न परम्परागत लोकगायक कर्ण बहादुर गन्धर्वको स्वरमा एउटा सूचनामूलक रेडियो सन्देश, स्थानीय एफएम स्टेसनहरूबाट नेपाली र अवधी भाषामा प्रशारण गरिएको थियो । यो सन्देश हरेक दिन आठपटक बजाइन्छ । लुम्बिनी प्रदेशका अधिकांश मानिसहरू समाचार र शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित अन्य कार्यक्रमहरूका लागि रेडियोमा निर्भर छन् (करिब
२. २ लाख ५० हजारसम्म पुगेको अनुमान) ।

सन् २०२२ अप्रिलमा नेपालमा आयोजित वुमन अफ द वर्ल्ड (WoW) मेलामा लुम्बिनी शान्ति बाटिकामा आएका मानिस र नेपालमा कार्यरत ६० भन्दा बढी विकास संस्थाका प्रतिनिधिहरू समक्ष १२ जना महिला सफाइकर्मीलाई सहभागी गराएर एउटा छुट्टै कला नृत्य प्रस्तुत गरियो । यसमा रहेको गीत र नृत्यले सरसफाइ कार्यलाई लान्छना लगाउने शब्दहरू/सङ्केतहरूलाई चुनौती दिनुका साथै पेशागत सम्मान प्रवर्द्धन गर्ने रचनात्मक
३. सन्देश दियो ।

नगरपालिकाका सफाइ कर्मचारी र निजी सरसफाइ व्यवसायीहरूलाई माटोको घरहरूको अवलोकन गराइयो र यस कार्यक्रमले चर्पीको खाल्डो खाली गर्ने स्थानीय अभ्यासहरूको बारेमा महत्वपूर्ण छलफलको सुरुवात गरि वर्तमानमा यस क्षेत्रमा विद्यमान समस्याहरूको बारेमा नयाँ ज्ञान सिर्जना गर्न उपलब्धीमूलक भयो । उदाहरणका लागि,

> *धेरैजसो होटल मालिकहरूले दिसापिसाबलाई सिधै नालामा पठाउने गर्दछन् जुन निकै खतरापूर्ण हुन्छ... यसभन्दा पहिले उनीहरूले हामीलाई (ट्याङ्कर भएका सरसफाइ व्यवसायीहरू) बोलाएर काम लगाउँथे र पैसा तिर्ने गर्थे... तर अहिले उनीहरूले हामीलाई फोन गर्न छोडेका छन् र पक्कै पनि उनीहरूले सिधै नालामा फाल्दैछन् भन्ने हामीलाई थाहा छ ।* (सरसफाइ व्यवसायी)

> *सरकारले दिसा फाल्ने उचित ठाउँको व्यवस्था गरोस् भन्ने हामी चाहन्छौं, यसो भएमा हामीले ट्याङ्कर प्रयोग गरी कुनै झन्झट र सर्वसाधारणको आपत्तिबिना नै चर्पीको खाल्डो खाली गर्न सक्ने थियौं ।* (सरसफाइ व्यवसायी)

यस अनुसन्धानबाट हात धुने कार्यको प्रवर्द्धनमा मात्र नभएर सरसफाइ समाधानहरूमा समेत कलाको प्रयोग गर्न सकिन्छ भन्ने कुराको बोध हामीलाई भयो जस्तै: स्रोतको पुन:प्रयोगको प्रवर्द्धनमा जसले मानिस, समुदाय, निर्णयकर्ता र सेवा प्रदायकहरूसँग सहकार्य गर्न, उनीहरूको कुरा सुन्ने र उनीहरूलाई प्रेरित गर्ने (अनुसन्धानको एउटा साधनको रूपमा) कार्य गर्छ । कला गतिविधीले मानिसहरुलाई जोड्न मद्दत गर्न सक्छ, भावनाहरुको अन्वेषण र सरसफाइसँग जोडिएका प्राय: कठिन र लाजमर्दो मानिएका बिषयहरुमा संलग्न हुन अभिप्रेरित गर्न सकिनेछ ।

## नीतिगत सिफारिसहरू

कलात्मक दृष्टिकोणले सकारात्मक सरसफाइको भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ, तर सरोकारवालाहरूले सामाजिक र प्राविधिक पूर्वाधार परिवर्तनका लागि लगानी भने सँगसँगै गर्नुपर्छ। देहायका सिफारिसहरू स्थानीय र राष्ट्रिय सरकारी, सरोकारवाला र गैरसरकारी संस्थाहरूका लागि रहेका छन् :

- बोटबिरुवामा मानव मलको उपयोगले समुदायहरूलाई स्रोतको पुनःप्रयोगको अवधारणाबारे परिचित गराउन, दिसाजन्य लेदोमा पानी, पोषक तत्व र जैविक वस्तुहरूको सम्मिश्रण प्रचुर मात्रामा पाइने महत्वपूर्ण स्रोत हो भनेर बुझाउन सहयोग गर्छ साथै प्रयोग गर्न सकिन्छ।
- कार्यक्रम निर्माताहरूले कला गतिविधीलाई सरसफाइका सवालहरूमा दिसाजन्य लेदोको पुनःप्रयोग (खैरो सुनतर्फ) को सम्भावना समेत संलग्न गर्न, यसबारे बुझाई बढाउन र सरसफाइको भविष्यको वृहत स्वामित्व बढाउन प्रेरणा दिने एउटा साधनको रूपमा प्रयोग गर्न सक्छन्। यसको साथसाथै स्थानीय र राष्ट्रिय सरकारहरूले पूर्वाधार मा आवश्यक परिवर्तनहरू गर्न लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ किनभने कला मार्फत मात्र नतिजाहरुमा सिमित प्रभाव हासिल हुन्छ।
- सरसफाइका लागि कला कार्यक्रमलाई स्थानीय संस्कृति, प्रक्रिया र संस्थाहरूमा एकीकृत गराइनुपर्छ। यसले कामको प्रभावलाई सुदृढीकरण गरी आपत्तिजनक सामग्रीको जोखिमलाई कम गर्नेछ, दिगो सरसफाइको विरासतले समुदायको प्रथमिकतालाई सम्बोधन गर्ने सम्भावनाको सुनिश्चितता गर्नेछ।
- कला मानिसको आत्मा, प्राण, हृदय, लिम्बिक प्रणाली वा अस्तित्वको गैरतार्किक तत्वहरूसम्म पुग्ने उद्देश्य राख्छ। सरसफाइ नीतिमा कला गतिविधीहरूको महत्व बुझ्नका लागि कला सरसफाइ कार्यक्रमहरूमा काम गर्नेहरूले दर्शकको पहुँचभन्दा बढी मापन गर्नैपर्छ। मूल्याङ्कनका लागि उपयुक्त मेट्रिक्स हुनुपर्ने, परिवर्तनको सिद्धान्त हुनुपर्ने र सरसफाइसँग सम्बन्धित धारणा वा कार्यहरूमा भएका परिवर्तनको प्रभावकारिता मापन गर्न लामो समयसम्मको प्रगतिको अनुगमन हुनु आवश्यक छ।
- अल्पकालीन, एक पटकको कार्यक्रमको सट्टा दीर्घकालीन योजनाहरुको कार्यान्वयन गरिनुपर्छ। यस्ता योजनालाई समुदायमा विद्यमान शक्ति बाँडफाड सम्बोधन गर्न सक्ने ज्ञान र क्षमता भएका प्रमुख सरोकारवालाहरूसँग साझेदारी गरी कार्यान्वयन गरिनुपर्छ। कलाको गतिविधि पछाडि रहने सरसफाइसम्बन्धी सन्देशसँगै दीर्घकालीन सहभागिता निर्माण गर्न पनि महत्वपूर्ण छ। ■

Institute of Development Studies, Library Road, Brighton, BN1 9RE, United Kingdom +44 (0)1273 606261 **ids.ac.uk**

IDS लिमिटेड ग्यारेन्टी भएको बेलायतमा दर्ता भएको एउटा परोपकारी कम्पनी हो। यसको परोपकार दर्ता नम्बर 306371.
रहेको छ। यसको परोपकार कम्पनी नम्बर 877338 रहेको छ।

### थप अध्ययन सामग्रीहरू

Bunn, C. *et al.* (2020) '**Arts-Based Approaches to Promoting Health in Sub-Saharan Africa: A Scoping Review**', *BMJ Global Health* 5.5: e001987, DOI: 10.1136/bmjgh-2019-001987

Gold-Watts, A.; Hovdenak, M.; Ganesan, A. and Bastien, S. (2021) 'From Arts to Action: Project SHINE as a Case Study of Engaging Youth in Efforts to Develop Sustainable Water, Sanitation, and Hygiene Strategies in Rural Tanzania and India', in J.H. Corbin *et al.* (eds), *Arts and Health Promotion*, Cham: Springer

Macpherson, H.M.; Fox, A.; Ranjit, A. and Church, A. (n.d.) 'Art in Water and Sanitation Research in Nepal: A Performance with Sanitation Workers', *Cultural Geographies in Practice* (under review)

Park, J. (2017) 'Movements in Perception on Human Faeces for Transition Sanitation Design, Using Convergence of Science and Arts', unpublished PhD thesis

यस *IDS Policy Brief* नीति सारपत्रको अंग्रेजी मूल संस्करण हानाह म्याकफर्सनबाट लेखिएको र एरिन म्याकडरमोटबाट सम्पादन गरिएको हो। यसलाई Towards Brown Gold project,अन्तर्गत प्रकाशित गरिएको हो, यसमा UKRI Collective Fund: Global Challenges Research Fund (ID: ES/T008113/1). को आर्थिक सहयोग रहेको छ। यसको विषयवस्तु सरसफाइमा कलाले पार्नसक्ने प्रभाव 'The Potentials of Arts in Sanitation', सम्बन्धी परियोजनाले देहायका विभिन्न अन्तर्राष्ट्रिय प्राज्ञिक तथा पेशागत साझेदारहरूको सहभागितामा आयोजना गरेको कार्यशाला गोष्ठीबाट आएका योगदानहरूमा आधारित छ : लैला मेहता, शिल्पी श्रीवास्तव, तन्वी भटकल, बेन ओडोनोभन-इल्यान्ड, हरिप्रसाद भीएम, एनसी नारायणन, रोहित जोसेफ, परेश छाजेड-पिचा, विश्वनाथ, सोलोमी गेब्रेजगाभेर, अल्फ्रेड डोंगजागला, जेम्स एब्डोन, डियोगो गोमेस डा सिल्वा, पल्लभी हर्षे, दीपा जोशी, प्रभा पोखेल, सावित्री त्रिपाठी, ढुण्डीराज पाठक, सञ्जय देवकोटा र शिबाजी बोसका साथै अनलाइन योगदान गर्ने एलिस फक्स र एन्ड्रयू चर्च।

© Institute of Development Studies 2023. This is an Open Access briefing distributed under the **Creative Commons Attribution 4.0 International licence (CC BY)**, which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original authors and source are credited and any modifications or adaptations are indicated.

ISSN 1479-974X DOI: **10.19088/IDS.2023.019**

institute of development studies | BROWN GOLD | University of Bedfordshire | University of Brighton | Integrated Development Society Nepal